
पाटनका सडक बालबालिका

# अमेरिकाद्वारा आकर्षित काठमाडौँको गार्मेण्ट उद्योग र जीवनयापन

सीजू उपाध्याय

## उद्योग र विश्वव्यापी गार्मेण्ट उत्पादनको सुरुआत

सहरीकरण यस्तो प्रक्रिया हो जसअन्तर्गत गाउँदेहातको जनसंख्याको बढ्दो अंश सहरमा बसाइँ सर्दछ । त्यसकारण सहरीकरणको इतिहास धेरै हिसाबले औद्योगिकीकरण र आधुनिकताको पछ्याइसँग जोडिएको छ, जुन पश्चिमी जगत्मा अठारौँ र उन्नाइसौँ शताब्दीमा तथा बहुसंख्यक विकासशील देशहरूमा दोस्रो विश्व युद्धपछि सुरु भयो । तत्कालीन समयमा युरोपेली उपनिवेशका रूपमा रहेका यी देशहरूमध्ये अधिक स्वतन्त्र हुँदै गइरहेका थिए । साथै आर्थिक अवस्थामा सुधारको निम्ति समाजवाद तथा सुनियोजित विकासतिर हेर्न थालेका थिए । यही बेला पुँजीवादी चिन्तकहरूले स्वतन्त्र व्यवसायमा आधारित एउटा वैकल्पिक सिद्धान्तको प्रतिपादन गरे । उदाहरणस्वरूप अमेरिकी इतिहासविद्

---

अंग्रेजीमा तयार पारिएको यो लेखलाई यसै पुस्तकका लागि नेपालीमा अनुवाद गरिदिने अनुभव अजीतलाई धन्यवाद छ ।

वाल्ट डब्ल्यु रोस्टोवले *द स्टेजेज् अफ इकोनोमिक ग्रोथ: ए नन्-कम्युनिष्ट मेनिफेस्टो* (सन् १९६०) मा तर्क गरेअनुसार गरिब मुलुकहरू आर्थिक वृद्धिको प्रारम्भिक चरणमा थिए र पश्चिमी औद्योगिक देशहरूले पार गरिसकेको चरणहरूबाट जाने क्रममा पारम्परिक (ग्रामीण, कृषिजन्य र न्यून कारोबार भएको) अर्थतन्त्र आम-उपभोगिता (सहरी, औद्योगिक र नाफामुखी) मा रूपान्तरित हुन्थे । केही भिन्नताका बाबजुद यी दुवै मोडलको जोड प्रारम्भिक उत्पादनको दाँजोमा वस्तुको बढ्दो उत्पादनमा थियो । यसरी बजार, पूर्वाधार र ज्ञानको पहुँचमा रहेको विकासशील देशका सहरी क्षेत्रलाई आर्थिक गतिविधिको थलोको रूपमा विकास गराइयो, जहाँ व्यक्तिहरू जान तत्पर देखिए ।[1]

तत्कालीन विकासका मोडलहरू भन्सार महसुल र व्यापारको सामान्य सम्झौता (General Agreement on Tariff and Trade) ग्याटको खाकाभित्र निर्माण गरियो । ग्याटको परिकल्पना अमेरिका र बेलायतद्वारा सन् १९४० तिर गरियो र सन् १९४७ मा हस्ताक्षर गरियो । उक्त सहमति एउटा अन्तर्राष्ट्रिय डबली प्रदान गर्ने उद्देश्यले तयार गरिएको थियो, जसले मूलतः व्यापारिक सदस्य राष्ट्रहरूबीच स्वतन्त्र व्यापारलाई प्रोत्साहन गऱ्यो । ग्याटले यसरी विकासशील देशको उत्पादनहरूको विकसित देशसँगको व्यापारमा रहँदै आएको मात्रात्मक सीमालाई बिस्तारै हटाउँदै लैजाने प्रक्रियाको थालनी गऱ्यो । कपडा र तयारी पोसाकको हकमा कच्चा पदार्थमाथिको पहुँच र खास गरी ज्याला जस्ता कुरामा न्यून उत्पादन लागतबाट लाभान्वित भएर जापान तथा अन्य कतिपय विकासशील देशहरूले यसपछि आ-आफ्ना निर्यातको आयतन विकसित देशहरूमा द्रुत गतिमा बढाउन सक्षम हुँदै आए । फलस्वरूप न्यून मूल्यको सुती कपडा र तयारी पोसाकको आयातमा भएको चर्को वृद्धिले विकसित मुलुकको लगानी र रोजगारमा नकारात्मक ढंगले प्रभाव पाऱ्यो । यहाँसम्म कि यसले गर्दा यी देशहरूले

---

१ पछिका वर्षहरूमा रोस्टोवको तर्कलाई मुख्यतः तीनओटा कारणसहित आलोचना गरियो । पहिलो, यसको के मान्यता रह्यो भने अल्पविकसित मुलुकहरूको विकासको कुनै इतिहास नै थिएन किनकि तिनीहरू अझै पनि प्रक्रियाको पहिलो चरण-पारम्परिक समाजमै थिए । दोस्रो, यसले इतिहास र एकनासको रैखिक विकासको धारणा प्रस्ताव गऱ्यो । यो यस्तो धारणा हो जसमा एउटा चरणले जहिले पनि अर्कोलाई एउटा निश्चित पथमा पछ्याउँछ । तेस्रो, पुँजी र स्रोतको अनन्तः आपूर्ति बराबर भइरहन्छ भन्ने ठान्यो । बीसौं शताब्दीको अन्त्यमा रुसको क्रमिक विखण्डनसँग संकटमा परे पनि चीन र भियतनामजस्ता केही राष्ट्रहरूले यसलाई निरन्तरता दिइरहेका छन् । सामान्यतः सन् १९४५ पछिको औद्योगिकीकरणलाई पूर्वी एसियामा सबैभन्दा सफल ठानिएको छ । यो विषयमा धेरै लेखिएको पनि छ । मूलतः कुनै एक मोडल अवलम्बन गर्ने देशहरूको तुलनामा योजनाबद्ध विकास र खुला बजारको सन्तुलित र मिश्रित नीतिकै परिणाम ताइवान, दक्षिण कोरिया र सिंगापुरमा औद्योगिक उत्पादनमा वृद्धि र जनसंख्याको ठूलो भाग जीवनस्तरमा सुधार भएको तर्क प्रायः स्वीकारिन्छ ।

उत्पादन नै बन्द हुने अवस्थाको सामना गर्नु पऱ्यो । परिणामत: केही विकसित मुलुकहरूले सुती कपडा र गार्मेण्टको निर्यातको मात्रालाई सीमाबद्ध गर्ने सम्झौताको निम्ति निश्चित सरकारहरूसँग वार्ता गरे । यसरी विकसित मुलुकको अगुवाइमा विशेष वस्तुहरूलाई ग्याटको नियम र अनुशासनबाट मुक्ति खोज्ने प्रक्रियाको सुरुआत भयो । छोटो अवधिको सुती व्यवस्था (Short-Terms Cottons Arrangement) एसटीएको रूपमा एउटा कोटा प्रणालीको स्थापना गरियो जुन सन् १९६२ मा सुती र अन्य कपडामा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी लामो अवधिको व्यवस्था (Long-Term Arrangement regarding International Trade in Cotton Textiles and Substitues) एलटीएद्वारा स्थानापन्न गरियो ।

एलटीएलाई केही पटक नवीकरण र पछि सन् १९७४ मा कपडा व्यापारको अन्तर्राष्ट्रिय व्यवस्था (Multi Fiber Arrangement) एमएफएद्वारा स्थानापन्न गरियो जसलाई अति अविकसित मुलुकहरूबाहेक ३५ ओटा विकासशील देशबाट सुतीलगायत सिन्थेटिक् फाइबर र ऊनी उत्पादनहरूको आयातमा नियन्त्रण गर्ने उद्देश्यले फैलाइयो ।[२] यद्यपि यसलाई अस्थायी सहमति ठानिएको थियो, तर अन्तिम पटक सन् १९८६ मा गरी एमएफए चारपल्ट लम्बाइयो । विकसित देशको लगातार २० वर्षदेखिको संरक्षणवाद विरुद्ध विकासशील देशको गुनासाको जवाफमा सन् १९९४ मा ग्याट सदस्यहरूले एमएफएको ठाँउमा कपडा र पहिरन सम्झौता (Agreement on Textiles and Clothings) एटीसी ल्याए ।[३] एटीसीले १ जनवरी २००५ सम्म दश वर्षभित्र विश्व व्यापार संगठन (डब्लुटीओ, जसले ग्याटलाई विस्थापित गऱ्यो) सदस्यहरूले कपडा र तयारी पोसाक आयातमाथिको सबै कोटा हटाउनुपर्ने अनिवार्य गऱ्यो । क्यानाडा, नर्वे, अमेरिका र युरोपेली संघले एटीसीअन्तर्गत कोटा जारी राख्न रोजे । यी मुलुकले आफ्ना व्यापारिक साझेदारहरूको निम्ति एकतर्फी रूपमा कोटा छुट्ट्याए । यी मुलुकले व्यापारिक साझेदारहरूलाई क्षेत्रीय व्यापार सम्झौता अथवा विकासशील र अल्पविकसित देशहरूको निम्ति विभिन्न छनोट प्रावधानहरूमार्फत आफ्ना बजारसम्म कोटामुक्त र कहिलेकाहीँ करमुक्त पहुँच प्रदान गरे । यसको परिणामस्वरूप आएको व्यापार प्रणाली अत्यन्तै छरिएको र अनिश्चित हुन पुग्यो ।

---

२ नाममा एमएफए एक अन्तर्राष्ट्रिय सन्धि भए पनि यसले वास्तवमा एक खाका दियो, जसभित्र विकसित र अविकसित मुलुकहरूले उनीहरूबीच हुने कपडा र गार्मेण्ट उत्पादनको कारोबारबारेमा छुट्टाछुट्टै सम्झौताहरू निर्धारण गर्थे ।

३ यिनीहरू केही औद्योगिक आधार भएका विकासशील देशहरू थिए जसलाई एमएफएले सीमाबद्ध गरेको थियो । एसियामा कोटाद्वारा सबैभन्दा धेरै सीमाबद्ध गरिएका देशहरूमा चीन, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका थिए ।

विकसित देशका उद्योगहरूलाई जोगाइराख्न खासमा कोटा प्रभावकारी भएन । कारण विकासशील देशका मुख्यत: पोसाक आपूर्तिकर्ताहरूको वृद्धिलाई प्रवर्द्धन गर्दा यो व्यवस्थाले नचिताएको परिणाम दियो ।[४] उदाहरणका लागि एउटा देशको आपूर्तिकर्ताहरूमाथि कोटा लादियो, त्यस देशका आपूर्तिकर्ताहरूले कोटा नलगाइएको देशहरूमा 'अपरेसन' स्थापना गरे । न्यून आय भएका विकासशील देशहरू यसका उदाहरण थिए । सन् १९५० को दशकमा जब जापानी निर्यातकर्ताहरू कोटाद्वारा बाँधिए, जापानी उत्पादनकर्ताहरूले अपरेसन दक्षिण कोरियामा सारेर त्यही कोटा वरिपरि रहेर काम गरे । यसरी एसियाभरि एमएफए र कोटा व्यवस्थाले लाखौँ रोजगार सिर्जना गरेको मात्र थिएन यसले पहिलो चोटि केही देशहरूको खास गरी सहरी क्षेत्रलाई औद्योगिक आधारको रूपमा विकास गर्न पनि सघायो ।[५] थोरै सीपको आवश्यकता पर्ने गार्मेण्टको कामले खास गरी धेरै महिलालाई रोजगारको अवसर प्रदान गर्नुको साथै स्वतन्त्रताको अनुभूति पनि दियो जुन उनीहरूको निम्ति अधिक परम्परावादी समाजमा उपलब्ध थिएन ।

१ जनवरी २००५ अगाडिदेखि नै कोटामुक्त कपडा र गार्मेण्ट व्यापार प्रणालीको सम्भावित असरहरूबारे प्रशस्त तर्क गरियो । विकासशील मुलुकहरूको हकमा सकारात्मक र नकारात्मक दुवै किसिमको असर हुने सम्भावना देखियो । कोटाको अन्त्यबाट नयाँ अवसरका लागि तयार भएका मुलुकहरू, जस्तै भारत, ठूलै मात्रामा लाभान्वित हुने भनेर बुझियो । यसरी फाइदा लिनेहरूमध्ये अझ चीनलाई औंल्याइयो । यतिसम्म कि यसले अधिक विकासशील मुलुकहरूलाई चिन्तित तुल्यायो । सन् २००१ मा विश्व व्यापार संगठनको सदस्य भएदेखि बजारमा चीनको पहुँच क्रमश: बढ्यो । सस्तो चिनियाँ उत्पादनले आफ्नो बजार नै भरिन सक्ने सम्भावनाले विकसित देशहरूलाई पनि सजग बनायो । वास्तवमा चीनको तीव्र निर्यातको सम्भावनालाई सबैतिर यस्तो खतराको रूपमा हेरियो कि विकसित देशहरूले चीनलाई डब्लुटीओको सदस्यको मान्यता दिए पनि उनीहरूले आफ्नो लागि विशेष रक्षात्मक प्रावधान छुट्टयाए । जसले गर्दा उनीहरूले सन् २००८ को अन्त्यसम्म तोकेको परिस्थितिअन्तर्गत चीनमाथि अस्थायी कोटा लागू

---

[४] सन् १९८० को दशकको अन्तिमसम्म विकसित मुलुकको उत्पादकहरूको प्रभुत्त्व रहे तापनि त्यसपछि विकासशील देशका उत्पादकहरूले विश्व गार्मेण्ट निर्यातको झण्डै ७० प्रतिशत र विश्व कपडा निर्यातको ५० प्रतिशतसम्म ओगट्न सक्यो ।

[५] एसियाको अधिकांश अध्ययनले निर्यातमुखी कपडा र गार्मेण्टको उत्पादनको प्रसार सहरी क्षेत्रमा मात्र भएको छ (Stevens, Anderson and Kennan 2004) । तथापि ताइवान, चीन, थाइल्याण्ड र फिलिपिन्स जस्ता देशहरूमा केही ग्रामीण औद्योगिकीकरणको उदाहरण पनि पाइन्छ ।

गर्ने अनुमति लिए ।[६] कोटा प्रणालीको खारेजीको नकारात्मक असरहरू आर्थिक हिसाबले कमजोर रहेका र अन्य अल्प विकसित देशहरूमा लक्षित हुने अनुमान गरियो । साथै त्यसको प्रभाव सोझै त्यहाँ रहेका उद्योगहरू र कामदारहरूलाई पुग्ने कुरा प्रस्ट नै थियो । एटीसीको अन्त्यदेखि बितेको डेढ वर्षको अवधिमा नेपाली गार्मेण्ट उद्योगको हालत पनि यस्तै रहेको देखिन्छ ।

## नेपालको सन्दर्भ

दक्षिण एसियाली मुलुकहरूले निर्यातमा कोटाको सुविधा प्राप्त गर्ने भएकाले अन्य एसियाली देशहरूले आफ्ना उत्पादन केन्द्रहरू दक्षिण एसियामा सार्न थालेपछि बंगलादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलंकामा गार्मेण्ट उद्योगको उच्च वृद्धि हुन पुग्यो । कपडा उत्पादनको तुलनामा नेपालको गार्मेण्ट उद्योग नौलो थियो । अमेरिकी गार्मेण्ट निर्यातमा नेपालको निम्ति छुट्टयाइएको कोटालाई उपयोग गर्ने उद्देश्यले सन् १९८० को आरम्भतिर भारतीय लगानीकर्ताहरूको प्रवेशपछि मात्र नेपालमा गार्मेण्ट उद्योग सुरु भयो ।[७] सुरुमा प्रायः सबै कारखानाहरू भारतीय लगानी र नेपाली श्रमको साझेदारीमा भर परेका थिए । प्रारम्भमा नेपाली श्रम ज्यादै न्यून थियो । सन् २००० मा यसको उत्कर्षतिर तयारी पोसाक उद्योगको लगभग ९० प्रतिशत स्वामित्व नेपाली लगानीकर्ताको भयो । साथै श्रममा नेपाली कामदारहरूको संलग्नता करिब ६० प्रतिशत हुन पुग्यो (Pant and Pradhan 2002) ।[८] एक दशकभन्दा बढीसम्म गार्मेण्ट निर्यात विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रूपमा रह्यो । उत्कर्षको बेला कुल निर्यात आयको एक

---

६ विकसित देशहरूलाई सस्तो चिनियाँ वस्तुले तिनीहरूको बजार भरिने डर छ र त्यसले उनीहरूको घरेलु उद्योगलाई खतरामा पार्नेछ । मे २००५ मा अमेरिकाले सातओटा वस्तुमा कोटा लागू गर्‍यो । युरोपियन युनियन (इयु) ले पनि नौ थरीको कपडा उत्पादनमा सुरक्षा खोजबिन सुरु गर्‍यो र मे २००५ मा दुइटा उत्पादनमा सुरक्षा लागू गर्ने विचार गर्‍यो । इयुले अन्तत्वोगत्वा खोजबिन खारेज गर्‍यो र जून २००५ मा चीनसँग तीन वर्षे संक्रमणकालीन सहमतिमा हस्ताक्षर गरेपछि यी दुई उत्पादनमा प्रतिबन्ध लगाउने योजना गर्‍यो । यस सहमतिअन्तर्गत चीनले दश "संवेदनशील" वस्तुको निर्यातलाई ८-१२.५ प्रतिशतभन्दा बढी नबढाउने सहमति भयो ।

७ नेपालको गार्मेण्ट उद्योगको निर्यात अन्य कपडाको निर्यातको तुलनामा दोब्बर छ ।

८ नेपालको ठूला गार्मेण्ट कारखानाहरूमा विदेशी लगानी जारी नै रह्यो भने घरेलु लगानीमा सञ्चालित साना र मझौला खाले उद्योगहरू प्रायः सबै बन्द हुन पुगे । नेपाली गार्मेण्ट उत्पादनमा लगानी गर्ने प्रतिष्ठित अन्तर्राष्ट्रिय लगानीकर्ताहरूमा ग्याप्, वाल-मार्ट र जे.सी. पेन्नी थिए । केही विश्लेषकहरूका अनुसार केहीले असम्बद्ध उद्योगहरूभन्दा एमएनसीसँग आबद्ध कारखानाहरूले काम गर्ने अवस्था र कामदारलाई दिने सुविधाको हकमा न्यूनतम स्तर कायम राखेका थिए (Pant and Pradhan 2002) ।

चौथाइ र कुल उत्पादनको १० प्रतिशत हिस्सा यसले ओगट्यो । गार्मेण्ट निर्यात सन् १९८० मा असी लाख रुपैयाँ बराबरबाट सन् २००० मा रु. एक करोड चालीस लाख बराबर पुग्यो । भारतीय बजारसँगको नजिकको आबद्धताले गर्दा स्थापित उद्योगहरू काठमाडौँबाहेक मुख्यतः वीरगञ्ज, विराटनगर र झापा जस्ता भारतीय सीमा छेउका केही औद्योगिक सहरहरूमा केन्द्रित भए ।

यसो हुँदाहुँदै पनि नेपालका अन्य उद्योगहरूले सामना गर्नु परिरहेका समस्याहरू गार्मेण्ट उद्योगले पनि अनुभव गर्नु पऱ्यो । जस्तो नेपाल चारैतिरबाट जमीनले घेरिएको हुनाले कच्चा पदार्थ र उत्पादनको निर्यात दुवैमा ढुवानी खर्च बढी लाग्यो । त्यस्तै कमजोर पूर्वाधार र अदक्ष जनशक्तिको समस्या पनि टड्कारै थियो । फलस्वरूप नेपाली गार्मेण्ट उत्पादनको लागत भारत र बंगलादेशको दाँजोमा बढी हुन गयो । भारतीय टेलर मास्टर, कटर र डिजाइनरहरूमाथि आश्रित नेपाली गार्मेण्टको श्रमको लागत पनि भारत र बंगलादेशको तुलनामा बढी थियो । परिणाम यस अवधिमा नेपाली उद्योगहरूले आफ्नो क्षमताको वृद्धि गरेनन् । नेपाललाई छुट्ट्याइएको कोटा कहिल्यै पूर्ण उपयोग गर्न नसकेको दृष्टान्तले पनि यो देखायो । केही निश्चित सुतीको सामग्रीमा उपलब्ध कोटाको लगभग ९० प्रतिशत उपयोगिता भएकोबाहेक अन्य वस्तुहरूमा उपलब्ध कोटाको उपयोगिताको दर एकदमै कम थियो ।[९] यी सबै कारणले गर्दा अमेरिकाको तयारी पोसाक बजारमा नेपालको हिस्सा दक्षिण एसियामै सबैभन्दा न्यून रह्यो ।

सन् २००० पछि गार्मेण्ट उद्योगमा धेरै देशको प्रवेशसँगै बढ्दो प्रतिस्पर्धा र नाफामा कमीको कारण ठूलो संख्यामा नेपाली कारखानाहरू बन्द हुन थाले । कतिपय अन्य ठूला कारखानाहरूमा समाहित हुन पुगे । जारी द्वन्द्वले पनि केही प्रभाव पाऱ्यो । सन् १९९४ मा कुल १०६७ बाट सन् २००१ सम्म आइपुग्दा २१५ ओटा कारखाना मात्र बाँकी रहे । तिनीहरू मुख्यतः साना र मझौला व्यवसायहरू थिए जसले अनुमानित एक लाख कामदारहरूलाई रोजगार

---

[९] सन् १९९२ देखि अमेरिकी सरकारले नेपाललाई सुती कमिज, ब्लाउज, स्कर्ट, ट्राउजर, सर्ट र सुती तथा रेयन् लुगाहरूलगायत १२ थरीको वस्तुमा कोटा उपलब्ध गराएको थियो । कोटा उपयोगिताको सन्दर्भमा कोटा समूह ३४७/३४८ (उनेको/बुनेको सुती कमिज, ब्लाउज, टी-सर्ट, स्कर्ट र कोट) मात्र पूर्ण उपयोग गरिएको थियो । त्यसपछि समूह ३४२/६४२ (स्कर्ट) को औसतमा २४ प्रतिशत मात्र उपयोगिता भएको देखिन्थ्यो । कम मूल्यका ड्रेसहरूले कोटा सुविधाको औसत १० प्रतिशत उपयोग गऱ्यो भने उच्च मूल्य वस्तुहरू जस्तै २३९ (सानो बच्चाको सुती लुगा) र ३५९ (सल/स्कार्फ) कोटा सुविधाबाट अछुतो रह्यो । वर्षमा कुल नेपाली गार्मेण्ट निर्यातको औसतमा २० प्रतिशत गैर-कोटा सामग्री थियो ।

दिएका थिए ।[१०] परिणामस्वरूप निर्यात उत्पादनमा ह्रास आउन थाल्यो । यद्यपि यसमा अन्तर्राष्ट्रिय कारणहरू पनि थिए । सन् २००० मा कंग्रेसले "अफ्रिका बिल" पारित गरेपछि यसले अफ्रिकन तथा क्यारबियन सामानलाई अमेरिकाको बजारमा भन्सार छुट प्रदान गऱ्यो । साथै २००१ सेप्टेम्बर ११ को आक्रमणले गर्दा नेपालको कुल गार्मेण्ट निर्यातको ८० प्रतिशत अमेरिका निर्यात गरिँदै आएकोमा सन् २००२ र २००४ को बीचमा यसमा ३० प्रतिशतले गिरावट आयो ।

यस्ता विकासक्रमले सम्पूर्ण औद्योगिक उत्पादकत्वको दरलाई नराम्रो असर पाऱ्यो । कुल गार्हस्थ्य उत्पादनमा वस्तु उत्पादन क्षेत्रको हिस्सा सन् १९९० को सुरुमा ९ प्रतिशतबाट सन् २००१ मा १० प्रतिशतसम्म पुग्यो । यो सन् २००२/२००३ मा ७.९ प्रतिशतमा झऱ्यो । यसपछि १ जनवरी २००५ मा कोटा प्रणालीलाई नै खारेज गरियो ।[११] सन् २००५ को पहिलो ११ महिनामा सन् २००४ को त्यही अवधिमा जति मात्रामा अमेरिका निर्यात गरिएको थियो त्यसमा ४० प्रतिशतले ह्रास आयो । यसै क्रममा दर्ता गरिएका कारखानाहरूमध्य ६० प्रतिशत बन्द भए र करिब २५ ओटामात्र सञ्चालित अवस्थामा बाँकी रहे (Shakya 2005) । साथै गार्मेण्ट क्षेत्रको रोजगारमा थप कमी आयो, जुन नेपाल गार्मेण्ट संघको अनुमानअनुसार मे २००६ सम्म २५ हजार जतिमा सीमित रह्यो (Sharma 2006) ।

नेपाली कामदारहरूका लागि गार्मेण्ट उद्योगको महत्त्व बुझ्नलाई गार्मेण्टको कामलाई विगत १५ वर्षको उत्पादन र रोजगारको समग्र प्रचलनको परिप्रेक्ष्यमा हेर्नु पर्छ । एमएफए कोटा व्यवस्थाको उपयोगको थालनीसँगै सन् १९८३ मा नेपालमा पहिलो भुक्तानीको संकटले आर्थिक सुधारको कार्यक्रमलाई अघि साऱ्यो जुन सन् १९९० को दशकदेखि जारी रह्यो । सुधारको उद्देश्य वित्तीय सन्तुलन पुनर्स्थापना गर्नु, आर्थिक गतिविधिमा निजी क्षेत्रको संलग्नता बढाउनु, अर्थतन्त्रमा

---

[१०] नेपालमा धेरै मात्रामा कपडाको आयात हुन्छ र गार्मेण्ट उद्योगसँग आबद्ध स्थायी कामदारको संख्या सानो छ । यद्यपि अन्य अवसरहरूको अभावमा यही नै पनि रोजगारको सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ । सन् १९९० को दशकमा वस्तु उत्पादन क्षेत्रको कुल रोजगारमा गार्मेण्ट उद्योगको हिस्सा लगभग १२ प्रतिशत थियो भने उत्कर्षको बेला यसले तीन लाख ५० हजार व्यक्तिको जीवनयापन धानेको थियो । यस अवधिमा गार्मेण्ट श्रमशक्तिमा महिलाको हिस्सेदारी १५ देखि ५० प्रतिशतबीच रह्यो । सन् २००२ को तथ्यांकअनुसार दक्षिण एसियाको अन्य मुलुकहरूको तुलनामा बंगलादेशमा ८० प्रतिशत, श्रीलंकामा ८२ प्रतिशत, भारतमा ५० प्रतिशतभन्दा केही मुनि र सबैभन्दा कम पाकिस्तानमा १० प्रतिशत महिलाको सहभागिता रह्यो । कपडा उद्योगमा महिला रोजगारको सहभागिता सबै ठाउँमा न्यून रह्यो ।

[११] कोटा हटाउने प्रक्रिया सन् १९९० मा नै सुरु भए तापनि नेपालले यसको प्रभावको सामना अन्तिम चरणमा मात्र गर्नु पऱ्यो, जतिखेर सुतीजस्ता सामानमा नेपालतिर ध्यान केन्द्रित भयो ।

राज्यको संलग्नतालाई सीमित गर्नु र व्यापारिक खुलापन बढाउनु थियो । तर यसका सैद्धान्तिक उद्देश्यहरू जे भए पनि रोजगारीमा देखिएको प्रभाव सीमित थियो । गार्मेण्टलगायत रोजगारमा वृद्धि भएको देखिए तापनि वस्तु उत्पादन क्षेत्रले मुलुकको सक्रिय श्रमशक्तिको पाँच/छ प्रतिशतलाई मात्र उपयोग गरिरहेको हुनाले यसबाट थोरै कामदार लाभान्वित भए ।[१२] निर्यात हुने वस्तुहरू गार्मेण्ट, कार्पेट र पश्मिनामा साँघुरिएको थियो, जसको उत्पादन दरमा सन् २००१/२००२ यता ह्रास आयो । वस्तु उत्पादनमा सापेक्षिक पुँजी घनत्वले रोजगारको अवसरको सिर्जनालाई यस अवधिमा अझ घटायो (Acharya, Khatiwada and Aryal 2003) । यसकारणले कृषि क्षेत्रले श्रमशक्तिको दुई तिहाइलाई रोजगार दिइरह्यो, जसमा क्रमशः महिलाको हिस्सा बढ्दो थियो ।[१३]

निम्न उत्पादकत्व र सीमित व्यापारीकरणको परिणामस्वरूप उदारीकरण जस्तो सुधार कार्यक्रमले कृषि क्षेत्रमा पनि खासै महत्त्वपूर्ण प्रभाव पार्न सकेन । कुल गार्हस्थ्य उत्पादनमा यस अवधिभर कृषिको हिस्सेदारी अनुमानित ४० प्रतिशत जति रह्यो भने कृषि वृद्धिदर ३ प्रतिशत नाघेन । साथै भारतबाट गरिएको सस्तो आयातले खास गरी सन् १९९९ पछि कृषिजन्य वस्तुको मूल्य घटायो । जबकि सरकारी खर्चमा गरिएको कटौतीले उत्पादनको लागतमा वृद्धि गऱ्यो । नेपाल जीवन स्तर सर्वेको सन् २००३/०४ को तथ्यांकले देखाएअनुसार यद्यपि कृषिले जनताको आय वृद्धि गरी नै रह्यो । यस अवधिमा एकातिर कमजोर कृषि उत्पादनको परिणाम र अर्कोतिर तीव्र सहरी विकासले कृषि क्षेत्रभन्दा बाहिर खास गरी सहरी क्षेत्रमा काम गर्न जानेको संख्यामा पनि वृद्धि हुन थालेको छ (CBS 2004) ।[१४] औपचारिक रोजगारको क्षेत्रमा थोरै मात्र अवसरको कारणले गाँउबाट आएका कामदारहरू निर्माण व्यवसायमा दैनिक ज्यालादारी, रिक्साचालक तथा अटोमेकानिक जस्ता सहरी अनौपचारिक अर्थतन्त्रमा संलग्न

---

[१२] उपलब्ध रोजगारको संख्या अझै पनि कम छ । नेपालको संगठित क्षेत्रको कुल रोजगारको झण्डै ८ प्रतिशत भारतीय प्रवासी छन् । सन् १९९० को दशकसम्म नेपालको आधा जनसंख्याको आय आर्जनको स्रोत कृषि भएको अनुमान गरिन्छ ।

[१३] नेपालको कृषिमा महिलाको सधैँभरिको उच्च हिस्सेदारीले गर्दा यसलाई "कृषिको महिलाकरण" पनि भनिन्छ । यो प्रचलन दक्षिण एसियाभरि छ । यसले बहुसंख्यक महिला संरचनागत आर्थिक परिवर्तनको प्रक्रियामा सामेल गराइँदैन भन्ने तथ्य प्रमाणित गर्दछ (Singh 2004) ।

[१४] नेपालको ५८ ओटा सहरी केन्द्रको जनसंख्या सन् १९९८ मा २२.५ लाखबाट बढेर सन् २००१ मा ३३.५ लाख पुग्यो । केही हदसम्म ग्रामीण क्षेत्रको असुरक्षित वातावरणले गर्दा पनि यस्तो भएको हो भनेर अनुमान गरिन्छ ।

भएका छन् ।[१५] अरू विदेशिएका छन् ।[१६] अवसरको सम्भावना हरेक दिन बढिरहेको संसारमा कामको खोजीमा देशदेशावर हिँड्डुल गर्ने कामदारहरूले "सहरी" र "ग्रामीण" जीवनबीचको फरक मेट्दै आएका छन्। काठमाडौँका गार्मेण्ट कारखानाका कामदारहरूको अनुभव पनि यस्तै रहेको छ ।[१७]

## जिन्दगी र जीवनयापन

धादिङका इन्द्रकुमारी धमलाले एसएलसी पास गरेकी छन्। एसएलसीसम्मको खर्च उनको बुबाले भारतको एउटा होटेलमा काम गरेर कमाएको पैसाबाट गरे । अगाडि पढ्ने उद्देश्यले काठमाडौँ आएकी उनी नातेदारहरूसँग भाडाका कोठामा बस्छिन्। उनले गार्मेण्ट कारखानामा काम गर्न थालेको दुई वर्ष भयो। देशको राजधानीमा जीवन धान्नु कति महँगो हुँदोरहेछ भन्ने महसुस गरेपछि उनले काम गर्न थालेकी हुन्। हप्ताको छ दिन र दिनको आठ घण्टा काम गरेर महिनाको चार हजार रुपैयाँ कमाउँछिन्। उनी केही घण्टा अध्ययनको निम्ति पनि निकाल्न भ्याउँछिन्। अहिले उनको घर यहीँ भइसक्यो र कहीलेकाहीँ मात्र धादिङ जाने गर्छिन्। यदि फेरि धादिङ फर्केमा उनले घरखेतमा काम गर्नुपर्ने हुन्छ जुन मौसमी हुन्छ र यसको अर्थ उनको अध्ययनलाई असर पर्छ। अथवा उनीसँग अर्को विकल्प सडक छेउमा पसल थापेर बस्ने हुनेछ। तर जारी द्वन्द्वले गर्दा धादिङका थोरै मात्र मान्छेसँग खर्च धान्ने पैसा छ। त्यसैले सम्भव भएसम्म उनी काठमाडौँमा नै बस्न चाहन्छिन्। काठमाडौँ आएदेखि उनमा वर्तमान परिप्रेक्ष्यमा सरकारको भूमिकाबारे स्पष्ट विचारहरू निर्माण भएको छ। सबैभन्दा पहिला सरकारले युवा पिँढीको निम्ति रोजगारी र शिक्षामा लगानी गर्नुपर्ने देखिन्छ, उनी भन्ठान्छिन्।

जलिल शेख एक जना दक्ष दर्जी हुन्। उनी आफ्ना सात जनाको परिवारसहित सप्तरीको एउटा गाउँमा सानो जग्गामा घर बनाएर बसेका छन्। काठमाडौँको गार्मेण्ट कारखानामा काम गर्ने भनेर उनले दुई वर्ष पहिले पहिलोपल्ट घर छोडे।

---

[१५] कृषिभन्दा बाहिरको संरचनालाई अनौपचारिक क्षेत्र भनिन्छ। यो परिवारभित्र अथवा दश जनाभन्दा कममा सीमित हुन्छ। साथै कतै दर्ता पनि गरिएको हुँदैन। कृषिबाहेकका ७३.३ प्रतिशत काम अनौपचारिक क्षेत्रभित्र पर्ने अनुमान छ।

[१६] देशको कुल गार्हस्थ्य उत्पादनमा १२ प्रतिशत योगदान रेमिटेन्स आयको रहेको छ। रेमिटेन्सको ११ प्रतिशत महिलाले कमाउने गरेका छन् (Singh 2004)।

[१७] मार्च २००६ मा काठमाडौंका गार्मेण्ट कामदारहरूसँग र्‍याण्डम आधारमा अन्तर्वार्ता गरिएको थियो। यस अभ्यासको उद्देश्य वर्तमान परिप्रेक्ष्यमा तिनीहरूको स्थिति र सोचाइ बुझ्नु थियो।

तर त्यो कारखाना केही समय लगत्तै बन्द भयो । उनी फेरि फागुनको ११ गते काठमाडौँ आइपुगे र यसपल्ट जेठको सुरुसम्म बस्ने योजना बनाएका छन् । त्यसपछि घर फर्केर केही महिना खेतमा काम गरेर पुन: काठमाडौँ आउने छन् । उनको प्रति दिनको कमाइ दुई सय रुपैयाँ छ जसबाट आफ्ना दैनिक खर्चहरू गरेर पनि केही रकम जोगाउन सफल हुन्छन् । ओभरटाइम पाएको खण्डमा उनी केही बढी रकम जोगाउन सक्छन् । कानुनी कागतहरू जुटाउन सक्नेहरू सप्तरीबाट कामको खोजीमा भारत र खाडी मुलुकहरूमा जाने गरेका छन् । ४४ वर्षको उमेरमा जलिलले अब आफ्नो दिन सकिन लागेको महसुस गर्छन् । तर चाँडै नै उनको जेठो छोरा विदेश गएर राम्रो पैसा कमाएर घर पठाउने सोचाइमा छन् । दश कक्षासम्म अध्ययन गरेको उनका छोराले विदेश जाने चाँजोपाँजो मिलाउन सक्छन् । उनको आफ्नो अनुभवमा जीवन निरन्तर कडा मिहिनेतभन्दा बढी केही होइन र छोराको निम्ति सबै कुरा सजिलो होस् भन्ने उनको चाहना छ ।

राधा अधिकारी सिन्धुपाल्चोकबाट आएकी हुन् । जेठो छोरीको नाताले परिवारको दायित्व आफैँले वहन गर्नुपर्ने सोच उनमा आयो । अरूमाथि भार नबन्ने चाहना राखेर केही वर्षको माध्यमिक शिक्षा पूरा गरिसकेपछि २०४५ सालमा उनी काठमाडौँ आइन् । उनी आत्मनिर्भर हुन चाहेकी हुन् । पछि आप्रवासीसँग उनले बिहा गरिन् जोसँग उनी काठमाडौँ आएको केही समयपश्चात् नै भेट भएको थियो । उनले गार्मेण्टमा काम गर्न थालेको सात वर्ष भयो । उनको काम साधारण छ र त्यसबापत उनले दिनको दुई सय पचास रुपैयाँ कमाउँछिन् । तयारी पोसाकको अर्डर अझैसम्म आइरहेको हुनाले तुरुन्तै आफ्नो काम बन्द भइहाल्ने सम्भावना उनी देख्दिनन् । यद्यपि एमएफएबारे एफएम रेडियोमा आउने समाचारमा सुन्दै आइरहेकी छन् । उनले चिनेजानेका केही महिलाहरू पशिमना कारखानामा काम गर्छन् । तर तिनीहरू सबैलाई खोकीले भेटेको छ । त्यसैले उनले गार्मेण्टकै काम रुचाउँछिन् । उनी वर्षको एक दुई चोटि गाउँ फर्कन्छिन् । गाउँको जिन्दगी कठिन छ । औषधि र खाना जस्ता दैनिक आवश्यकताका लागि मानिसहरूले संघर्ष गरिरहेका हुन्छन् । त्यसैले उनको अनुमानमा कामको खोजीमा मानिसहरू सहर आउने क्रम जारी नै रहनेछ ।

अर्थको अभावमा दिलीप परियारले आफ्नो माध्यमिक तहको पढाइ पूरा गर्न सकेनन् । उनी १५ वर्षको हुँदा काठमाडौँ आए । लुगा सिउने परिवारबाट आएका उनले एउटा गार्मेण्ट कारखानामा काम पाए र अहिलेसम्म त्यहीँ कायम छन् । यो २० वर्ष पहिलेको कुरा हो । त्यहाँ उनले एक जना जवान केटी भेटे जोसँग बिहा गरे र अहिले उनी पनि त्यही कारखानामा काम गर्छिन् । उनको एउटा

सन्तानले भर्खरै एसएलसी पास गरेका छन् । उनले महिनाको चारदेखि पाँच हजार रुपैयाँसम्म कमाउँछन् । काम पटचारलाग्दो छ । तर तिनले आफूसँग काम गर्नेहरूलाई राम्ररी चिन्दछन् र हाकिम पनि राम्रै छन् । उनले सिउने काम मात्र राम्ररी जानेको हुनाले उनीसँग अरू केही विकल्पहरू छन् । हालका केही वर्षमा घरभाडा, मट्टीतेल, स्कूलको शुल्क र खानाको खर्चमा यति धेरै वृद्धि भएको छ कि उनले थोरै पनि बचत गर्न सकेका छैनन् । उनी धादिङ आफ्नो घर वर्षको एक चोटिभन्दा बढी जाँदैनन् । अहिलेसम्म उनको गाउँसम्म पुग्ने राम्रो बाटो छैन । द्वन्द्व सुरु भएयता गाउँमा काम पनि कमै मात्र पाइन्छ । उनका छोराछोरीले काठमाडौँलाई नै आफ्नो घर मान्छन् र यहीँ नै आफ्नो भविष्य रहेको देख्छन् । यो कुरा दिलीपले बुझेका छन् ।

उमा बस्नेत पाल्पाबाट आएकी हुन् । उनले पाल्पामै प्रमाणपत्र तहसम्म अध्ययन गरिन् । त्यहीँ बिहे गरिन् र अध्ययनलाई निरन्तरता दिने उद्देश्यले निर्माण क्षेत्रमा काम गर्ने आफ्ना पतिसँग काठमाडौँ आइन् । काठमाडौँमा पढाइ अत्यन्तै महँगो छ भन्ने कुरा यहाँ आइसकेपछि उनले तुरुन्तै बुझिन् । अन्ततोगत्वा पैसा कमाउन एउटा गार्मेण्ट कारखानामा काम गर्न थालिन् । अहिले काम गरिरहेको कारखानामा उनी एक वर्षदेखि कार्यरत छिन् । त्यहाँ काम भएको बेला उनलाई काममा बोलाइन्छ । यदि छैन भने बिदा दिइन्छ । कपडा काट्नुपर्ने उनको काम सजिलो भए पनि पटचारलाग्दो छ । उनको तलब भर्खरै दिनको साठी रुपैयाँबाट १३५ रुपैयाँ पुगेको छ । यसको निम्ति उनले हप्ताको छ दिन र दिनको बाह्र घण्टासम्म काम गर्नुपर्छ । यसरी एक महिनामा उनले चार हजार जति कमाउँछिन् । उनीसँग अहिले आफ्नो निम्ति समय नै हुँदैन । उनले यस्तो जिन्दगीको कल्पना गरेकी थिइनन् । साथै अवसरको सीमितता र बढ्दो बेरोजगारले गर्दा उनलाई अर्को वैकल्पिक योजना बनाउन गाह्रो भएको पनि उनलाई थाहा छ ।

हरि नारायणले लहानको एउटा सरकारी स्कूलमा दश कक्षासम्मको अध्ययन गरेका छन् । उनी अहिले २५ वर्ष पुगे । उनले लहान बजारमा सिउने काम सिके तर साथी र नातेदारहरूले उनलाई काठमाडौँको एउटा गार्मेण्ट कारखानामा गएर भाग्य अजमाउने सल्लाह दिए जहाँ उनले आफ्नो आम्दानी दोब्बर पार्न सक्थे । अहिले उनी महिनाको छ हजार रुपैयाँ आर्जन गरिरहेका छन् । उनी त्यसको एक चौथाइ मात्र आफू खर्च गर्छन् र बाँकी घर पठाउन जोगाउँछन् । यहाँको काम स्थायी प्रकृतिको नभएको हुनाले दुई महिनामा उनको घर जाने योजना छ । गार्मेण्टको काममा अनिश्चितता भएकाले अर्को विकल्पको खोजी

गर्नुपर्ने उनलाई थाहा छ । जस्तै उनले काठमाडौँमा आफ्नै व्यवसाय सञ्चालन गर्न सक्छन् (यद्यपि त्यसको निम्ति उनले एउटा भरपर्दो साथी खोज्नुपर्ने हुन्छ) अथवा लहान फर्किनुपर्ने हुन्छ । त्यहाँ उनी ड्राइभिङ तथा पेन्टिङको काम थाल्न सक्छन् वा एउटा आर्टको पसल पनि थाप्न सक्छन् । वा सुरुमा आफ्नै घरको एउटा कोठामा चार/पाँचओटा मेसिन हालेर आफ्नै सिलाइको काम थाल्न सक्छन् । पछि चाहिने जति पैसा जम्मा भइसकेपछि भाडाको घरमा सर्न सक्छन् ।

## अनिश्चितताको समुद्रमा अवसर

एटीसीको अन्त्यदेखि गार्मेण्ट उद्योगको काममा आधा कटौती भएको छ र अधिक गार्मेण्ट कारखानाहरू अब काठमाडौँमा मात्र केन्द्रित छन् । कोटा सहुलियतमा पूर्ण निर्भर साना तथा मझौला कारखानाहरू बन्द हुन थालेका छन् भने आधुनिक प्रविधियुक्त ठूला कारखानाहरू केही मात्रामा स्वतन्त्र र प्रतिस्पर्धात्मक समयमा जीवितै छन् । गार्मेण्ट कारखानाका कामदारहरूको काम 'अर्डर' को आधारमा मात्र हुने गरेको छ । यसको अर्थ केही अपवादबाहेक गार्मेण्टको काम मौसमी हो । गार्मेण्टको काम सुस्त भएको समयमा यस उद्योगमा काम गर्नेहरूको निम्ति अर्को कुनै वैकल्पिक काम उपलब्ध नभएसरह छ । यस अवस्थामा धेरैजसो कामदार आफ्नो खेतमा काम गर्न गाउँ फर्कन्छन् । वास्तवमा गार्मेण्टको काम पूरक आयको रूपमा मात्र हुने हुँदा अधिक कामदारहरू खेतीको बेला कामबाट बिदा लिएर घर जानुपर्ने हुन्छ । दशकौँ पहिला गाउँ छोडेका केही कामदारहरूले काठमाडौँलाई नै घर बनाइसकेका छन् । र सकेसम्म एमएफएको अन्त्यपछि पनि सञ्चालित कारखानामा काम गरिरहेका छन् । तर अधिक कामदारहरू आफ्ना परिवारबाट अलग बसेर तिनका जीविकामा ग्रामीण र सहरी दुवै पक्षलाई कायमै राखेका छन् । यस अध्ययनअनुसार यस्तो गर्नेहरूमा धेरैजसो काठमाडौँ नजिकका पहाडी जिल्लाका छन् वा पूर्वी तराईका छन् । यस्तो खाले रणनीतिले समयान्तरमा ग्रामीण उपभोगिताको औसत स्तर बढाउनमा केही भूमिका खेलेको छ ।[१८]

गार्मेण्टको काममा आधारभूत रूपमा कपडाको सिलाइ गरेर तयारी पोसाक बनाइन्छ । गार्मेण्टको काम उत्पादनको विभिन्न चरण पार गरेपछि मात्र पूरा

---

[१८] नेपाल जीवन स्तर सर्वेअनुसार गरिबी सन् १९९६ मा ४२ प्रतिशतबाट सन् २००३/४ मा ३१ प्रतिशतमा झरेको छ । विगत आठ वर्षमा सहरी गरिबीमा आधाले कमी आएको देखिन्छ । साथै ग्रामीण गरिबीमा पनि कमी नआएको होइन तर अझै पनि सहरको तुलनामा यो उच्च नै छ । तथापि यसैसँग प्रतिव्यक्ति खर्चको आधारमा असमानता मापन गर्ने जिनी कोइफिसन्ट सन् १९९५/९६ देखि २००३/४ को अवधिमा ३४.२ बाट बढेर ४१.४ पुग्यो । सर्वेअनुसार असमानता ग्रामीण क्षेत्रको दाँजोमा सहरमा बढी छ ।

हुन्छ । यस क्रममा विभिन्न थरीको सीप आवश्यक पर्दछ । कुन किसिमको कामदारले कस्तो खाले काम पाउने यसैले निर्धारण गर्दछ । नेपालमा परम्परागत हिसाबको पुरुषको व्यवसायको रूपमा रहँदैआएको सिलाइको काम खास जनजाति र जातीय समुदायमा पुस्तौँदेखि सिकाइँदै आइएको छ । वर्षमा केही निश्चित समयावधि घर छाड्न सक्ने र उपलब्ध ज्यालामा काम गर्न इच्छुक हुनेहरूले काठमाडौँमा काम पाउँछन् । तिनीहरूले गार्मेण्टको कामलाई चाहिने आधारभूत सीप जागिरमा लागिसकेपछि मात्रै सिक्छन् ।[१९] आफ्नै स्थानीय श्रमशक्तिले भरिएको भारतीय गार्मेण्ट उद्योगमा काम पाउने सम्भावना तिनीहरूका निम्ति क्षीण छ । यसको अर्थ नेपालमा गार्मेण्टको काम धेरै प्रतिस्पर्धात्मक छ । भर्नाको कुनै निश्चित प्रक्रिया छैन । व्यक्तिगत चिनजान र पहुँचको आधारमा काम हुने गर्दछ । नवप्रवेशीहरूलाई काम पाउन निकै गाह्रो हुने गर्दछ । केही कामदारहरूले एसएलसी पास गरेका छन् । धेरैसँग आफ्नो केही जग्गा पनि छ । यसले उनीहरूको पारिवारिक पृष्ठभूमि अन्यको दाँजोमा केही राम्रो भएको इंगित गर्छ । यसको अर्थ कृषिजन्य आय अथवा सीप पनि नभएका वा निम्न वर्गका व्यक्तिहरू जसले गार्मेण्ट कारखानामा पनि काम पाउँदैनन् तिनीहरू न्यून ज्याला भएको अनौपचारिक क्षेत्रमा काम गर्न नेपाल वा भारतका सहरतर्फ पस्दै आएका छन् ।

संसारभरि गार्मेण्ट उद्योग महिलामुखी भनेर चिनिए तापनि नेपालको हकमा यो लागू हुँदैन । यद्यपि बिस्तारै महिला मजदुरको संख्या बढेको पाइन्छ र भविष्यमा अझै बढ्ने संकेत देखिन्छ । अन्य अनुसन्धानले देखाएअनुसार सन् १९९० को आर्थिक सुधार भएदेखि औपचारिक उत्पादन क्षेत्रमा महिलाको सहभागिता बढेको देखिन्छ । तथापि थुप्रै यस्ता कारण छन् जुन तिनीहरूको अझ बढी सक्रिय सहभागितामा व्यवधानको रूपमा रहेको छ । यस्तो खाले कामको निम्ति चाहिने सीपको आवश्यकता साथै दक्ष स्थानीय तथा भारतीय पुरुष कामदारको सहज उपलब्धता मुख्य व्यवधान हो । पुरुषहरू कामको खोजीमा घर छाडेर हिँडेपछि घरायसी सम्पूर्ण जिम्मेवारी महिलामाथि आइपरेपछि छोटो अवधिको निम्ति पनि तिनीहरू सहरमा बस्न सक्दैनन् । अविवाहित महिलाहरू जो

---

[१९] यस लेखको निम्ति गरिएको प्राथमिक अनुसन्धान र विद्यमान द्वितीय अनुसन्धानहरू दुवैले देखाए अनुसार गार्मेण्ट उद्योगहरूले अदक्ष कामदारलाई काममा लिने गर्छन् । तिनीहरू पछि आफ्ना साथीहरूसँग र नाइकेसँग काम सिक्ने गर्छन् । केही उद्योगले सरकारद्वारा सञ्चालित गार्मेण्ट तालिम केन्द्रहरूबाट तालिम प्राप्त गरेकाहरूलाई लिने गरे तापनि प्रायःले जागिरमा गइसकेपछि पुनः तालिम लिनुपर्ने हुन्छ । कट्र्स र डिजाइनर्स जस्ता उच्च दक्ष कामदार भारतबाट झिकाइन्छ ।

राम्रो अवसरको खोजीमा काठमाडौँ आउँछन् तिनीहरूले धागो काट्ने तथा गार्मेण्ट प्याकेजिङ गर्ने जस्ता साधारण तर पट्यारलाग्दो काममा अल्झिनुपर्ने महसुस गरेका छन् ।[२०]

यस अध्ययनअनुसार लैंगिक वा जातको आधारमा गार्मेण्ट उद्योगमा ज्यालामा विभेद गरिँदैन । तर सीपको स्तरको आधारमा मजदुरहरूको आर्जन फरकफरक छ । यो अन्य उपलब्ध सामग्रीको आधारमा निकालिएको निष्कर्ष हो ।[२१] काठमाडौँमा केही गार्मेण्ट मजदुरहरूले सरकारले तोकेको न्यूनतम ज्यालादरभन्दा बढी आर्जन गर्छन् ।[२२] औसतमा दिनको आठ घण्टा काम गरेर तिनीहरूले महिनाको तीन हजारदेखि सात हजार रुपैयाँसम्म कमाउँछन् । अधिकांशजसो नियमित काम गर्नेले मात्र अन्य सुविधाको उपभोग गर्न पाउँछन् । जस्तो विद्यमान कानुन

---

२० काठमाडौँ उपत्यकामा सञ्चालित नौओटा उद्योगमा कार्यरत ६६ जना महिलासँग गरिएको सर्वेअनुसार ७१ प्रतिशत महिला गरिबीको कारणले यस्ता कारखानाहरूमा काम गर्छन् । ५२ प्रतिशत महिला निरक्षर छन्, १५ प्रतिशतले स्कूलको पढाइ पूरा गरेका छन्, मात्र ११ प्रतिशतले उच्चशिक्षा प्राप्त गरेका छन् । ६४ प्रतिशत विवाहित वा विधवा छन् र २९ प्रतिशत अविवाहित छन् । ६० प्रतिशतभन्दा बढी २०-३४ उमेर समूहभित्र पर्छन् । १०-१४ उमेर समूहभित्रको बाल श्रमिक १२ प्रतिशत छ (Singh 2004) । यो लेख तयार गर्दा अनुसन्धानको क्रममा कुनै पनि बाल मजदुरसँग सामना भएन । बालबालिकाहरूको केही अंश गार्मेण्ट कामदारको रूपमा देखिनु स्वभाविक देखिन्छ । तथापि अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मुलनको समय केन्द्रित अन्तर्राष्ट्रिय कार्यक्रम जस्ता केही स्रोतअनुसार नेपालको खास हानिकारक क्षेत्रहरू (त्यसैले सम्भवत गार्मेण्टभन्दा बढी हानिकारक) निर्माण, यातायात, इट्टाभट्टा, सुर्ती र कार्पेट उत्पादन हुन् । यस्ता कार्यहरूमा संलग्नमध्ये ८० प्रतिशत बालबालिका ग्रामीणदेखि सहरी क्षेत्रमा आएको अनुमान गरिन्छ । बेचबिखन, बँधुवा मजदुर, फोहोर टिप्ने, आदि अझ बीभत्स किसिमको बालश्रमको रूपमा परिचित छ । बालश्रमसम्बन्धी पछिल्लो सबैभन्दा आधिकारिक तथ्यांक दोस्रो लिभिङ स्टेण्डर्ड सर्वेमा पाइन्छ (CBS 2004) ।

२१ नेपालको गार्मेण्ट उद्योगमा हुने विभेद खोजबिनको एउटा महत्त्वपूर्ण विषय हो । यद्यपि यहाँ यसलाई विस्तृत रूपमा समेटिएको छैन । नेपालको गार्मेण्ट उद्योगमाथिको अर्को अनुसन्धाताको भनाइमा, "नेपालको सांस्कृतिक विविधतापूर्ण समाजमा गार्मेण्ट थोरै मात्र यस्तो उद्योगहरूमा पर्दछ जुन 'आधुनिक' र यति 'ठूलो' छ जसले सबै जाति तथा समुदायलाई अटाउने अवसर दिएको छ..." (Shakya 2004) । एकातिर नेपाली समाजमा विद्यमान उँचनीचको शृंखला र अर्कोतिर उद्योगको सानो आकार, त्यसमाथि केही आधारभूत सीपमा यसको जोड तथा काठमाडौँमा केन्द्रित भएकाले गर्दा सबै समूहको समान प्रतिनिधित्व हुने कुरा त्यति सम्भव देखिन्न । नेपाली समाजमा आर्थिक अवसरहरूको असमान बाँडफाँडको एउटा सूचक केही वर्षदेखि बढ्दै आएको जिनी कोइफिसन्टमा पाइन्छ । तथापि विद्यमान औद्योगिक संरचना र व्यवस्थापकीय प्रभावको कारण सचेत रूपमा प्रतिनिधित्वमाथि भएको विभेदबारे भविष्यमा गरिने विश्लेषणहरूले ध्यान दिनु जरुरी हुन्छ । यो प्रश्नसँग गहिरो रूपमा लैंगिक पक्ष पनि जोडिएको छ, जसको केही आयामबारे यस लेखमा पनि चर्चा गरिएको छ ।

२२ सन् २००३ मा सरकारले अदक्ष श्रमिकको न्यूनतम मासिक ज्याला रु. १८९४ पुर्‍यायो । त्यसै गरी अर्ध-दक्षको न्यूनतम मासिक ज्याला रु. १९४४, दक्षको रु. २०५४ र अति दक्षको रु. २२४४ तोकियो । खाना र अन्य खर्चको निम्ति अतिरिक्त भत्ता पनि रु. पाँच सय प्रति महिना तोकियो ।

बमोजिम २४० घण्टा काम गरिसकेपछि कुनै पनि कामदारले नियुक्तिपत्र पाउने वा स्थायी काम पाउने अवस्थामा हुन्छ । निःसन्देह मजदुरलाई अस्थायी रूपमा काम गराउँदा कारखाना साहुलाई फाइदा हुन्छ । तर अर्डरको आधारमा उत्पादन गर्नुपर्ने अवस्था रहेकाले यस्तो गनुपर्ने बाध्यता पनि छ । परिणामस्वरूप ७० प्रतिशत मजदुर करार तथा गोटा दरमा काम गर्छन्, १६ प्रतिशत अस्थायी मजदुर छन् भने १४ प्रतिशत मात्र स्थायी रूपमा काममा संलग्न छन् (Pant and Pradhan 2002) । अनुमान गरेअनुसार केवल ५ प्रतिशत कामदारले मात्र नियुक्तिपत्र पाउँछन् । तीमध्ये धेरैजसो पुरुष हुन्छन् । लामो समयसम्म कारखानामा काम गरिरहेका महिलाहरूको पनि सरदरमा जागिरको अवधि पुरुषहरूको भन्दा छोटो हुन्छ । नेपाली कानुनमा दुइटा बच्चा भएको स्थायी कामदारहरूका लागि ५२ दिन सुत्केरी बिदाको प्रावधान भए पनि छोटो अवधिका लागि नियुक्ति भएका महिलाहरू यस्तो किसिमको सुविधाबाट वञ्चित हुन्छन् ।

गार्मेण्टको काममा अनिश्चित रोजगारीका अलावा गत दशकमा सरकारले मूल्य उदारीकरणको नीति अपनाउनाले सन् १९९० को पछिल्ला वर्षहरूमा तिनीहरूको ज्यालामा निरन्तर ह्रास आएको छ (Acharya, Khatiwada and Aryal 2003) । मजदुरहरूका अनुसार महँगाइको कारण खाना, घरभाडा, स्वास्थ्योपचार, आफ्नो शिक्षा र छोराछोरीको स्कूल शुल्क (सरकारी स्कूलमा) तिर्न धेरै पैसा आवश्यक पर्दछ । झन् वर्तमान परिप्रेक्ष्यमा जति धेरै कारखाना बन्द हुँदै गएको छ त्यति नै मजदुरहरूको साहुसँग ज्याला जस्तो कुरामा पनि मोलमोलाइ गर्ने क्षमतामा कमी आएको छ । यही असुरक्षाले गर्दा अधिकांश मजदुर गार्मेण्टको कामलाई दीर्घकालीन जीविकोपार्जनको साधन मान्न छाडेका छन् । तर अझै पनि तिनीहरू गार्मेण्टकै काम गर्न चाहन्छन् । उनीहरूकै कुरा सुन्दा सहरमा बसेर लत्ताकपडा उत्पादन गर्न पाउने अवसरले उनीहरूलाई राजनीति र सरकारको प्रदर्शनमाथि आफ्नो स्पष्ट धारणा निर्माण गर्न योग्य बनाएको छ । घरदेखि पर बस्ने भएकाले तिनीहरूको पारिवारिक संरचना नै बदलिएको छ, खास गरी लैंगिक सम्बन्ध । सहरमा आएर काम गर्ने महिलाले घरेलु आम्दानीमा योगदान पुऱ्याउनुका साथै आफ्नो अध्ययनको खर्च पनि आफैंले बेहोर्ने गर्छन् । साथै तिनीहरू आफूलाई पारिवारिक प्रभावबाट टाढा राख्दै बिहा पनि आफ्नै रोजाइको गर्न पाउने भएका छन् । तथापि महिलाको जीविकामा परेमा अन्य प्रभावको अनुमान गर्न सकिन्छ । जस्तै पति बाहिर जाँदा घरखेतमै बस्ने महिलामाथि घरमूलीको रूपमा अतिरिक्त जिम्मेवारी अवश्य थपिएको छ ।

## अगाडिका दिनहरू

एमएफए र एटीसीले नेपालको निर्यातमुखी गार्मेण्ट उत्पादनलाई प्रोत्साहन गरे पनि कोटा सहुलियतको अन्त्यभन्दा पनि घरेलु उत्पादन क्षमताको सीमितताले गर्दा पूर्ण क्षमतामा उत्पादन गर्न नसकेको हो। १ जनवरी २००५ देखि नै नीति निर्माताहरूले अमेरिकामा भन्सार महसुल छुटको निम्ति गुटबन्दी गर्दै आइरहेका छन्, साथै अहिलेसम्म नखोजिएको युरोपियन बजारमा प्रवेश गर्न थालिरहेका छन्।[२३] यसैबीच सन् २००६ मा अमेरिकाका केही ठूला बिक्रेताहरूले नयाँ अर्डर दिएका छन्। गएको वर्षहरूको तुलनामा निर्यातमा वृद्धि आएको देखिन्छ (The Himalayan Times 2006)। अहिलेसम्मको घटनाक्रम हेर्दा चारदेखि पाँच हजार जनालाई रोजगार दिनसक्ने ठूला स्तरका उद्योगहरू अबका दिनमा जीवित रहने अनुमान गर्न सकिन्छ। नयाँ उद्योगहरू काठमाडौँभन्दा बाहिर स्थापित भएको खण्डमा यसले सिर्जना गर्ने रोजगारीको प्रभाव झन् बृहत् हुनेछ। महसुलरहित गार्मेण्ट प्रशोधन क्षेत्रको स्थापना, उत्पादनको मात्रामा वृद्धि र कारखानाको आधुनिकीकरणले नेपाली उत्पादनको विश्वव्यापी प्रतिस्पर्धालाई बल प्रदान गर्नेछ। जबसम्म श्रमिकको सीप बढाइँदैन, खास गरी हरेक जाति र जनजाति समुदायका महिलाको, विश्व र दक्षिण एसियाको उत्पादन बजारमा नेपाली बस्तुहरूको गुणस्तर तलै रहन्छ। श्रम ऐन पनि पुनरावलोकन गरिनु जरुरी छ। लचकदार नरहेको विद्यमान श्रम कानुनले साहुलाई लागतको खर्च जोगाउनको निम्ति रोजगारलाई अनौपचारिक बनाउन प्रेरित गरेको छ। हालको सुधार जसले साहुलाई आफ्नो तजबीजको आधारमा कामदार राख्ने र निकाल्ने जुन अधिकार प्रदान गरेको छ त्यसले वैकल्पिक रोजगारको अभावका कारण कामबाट निकालिएका कामदारहरूको अवस्थालाई कुनै सम्बोधन गर्दैन।[२४] विश्व

---

[२३] अमेरिकी सिनेटले मान्यता दिनुपर्ने विकासशील अर्थतन्त्रका लागि भन्सार महसुल सहुलियत ऐन (ट्रेड एक्ट) सन् २००५ मा एसिया क्षेत्रमा १४ विकासशील देशहरूलाई गार्मेण्टलगायत ३६७७ वस्तुहरूमा कर छुटको पहुँच दिने आशा गरिएको छ। साथै सन् २००१ देखि एब्रिथिङ बट् आम्स (इबीए) को अभियान अन्तर्गत युरोपियन युनियन (इयु) को बजारमा गार्मेण्ट र कपडालगायत सबै निर्यातमा नेपाललाई कोटा छुट र महसुल छुट पहुँच छ। यो सुविधा सन् २००६ को अन्त्यसम्म लागू भए पनि यसको खासै प्रयोग गरिएको छैन। इयुले गार्मेण्ट निर्यातमा औसतमा केवल १७ प्रतिशत मात्र नेपाली गार्मेण्ट पाएको छ।

[२४] श्रम ऐन सन् १९९९ लाई सच्याउने अध्यादेशलाई जनवरी २००६ मा मन्त्रिपरिषद्द्वारा अनुमोदन गरियो। उक्त अध्यादेशले करार वा गोटा दरमा काम गर्ने राख्न पाउने र काम सकिने बित्तिकै निकाल्न सक्ने सम्पूर्ण अधिकार साहुलाई प्रदान गऱ्यो। यसले तीन महिनाको पूर्व सूचनामा निश्चित परिवेशमा व्यवसाय बन्द गर्न सक्ने र मजदुरलाई बेतलबी बिदामा राख्न सक्ने अधिकार पनि उद्योग व्यवस्थापनलाई दियो। मे २००६ मा नयाँ सरकारले यो अध्यादेश खारेज गऱ्यो।

बजारमा नेपालले ठूला र बढी सुसज्जित विकसित देशहरूसँग अहिले प्रतिस्पर्धा गरिरहनु परेको हुँदा गार्मेण्ट कामको ज्याला र अवस्था यथावत् कायम राख्नु पनि चुनौतीपूर्ण नै हुनेछ, त्यो पनि चर्को मूल्यवृद्धिको स्थितिमा । यसमा तत्कालै सुधार हुने सम्भावना देखिएको पनि छैन । नेपालमा ट्रेड युनियनहरू कुन हदसम्म श्रमशक्तिको सरोकारको बढी वैधानिक प्रतिनिधि बन्न सक्छ भन्नेमा धेरै कुरा भर पर्दछ । तिनीहरूले अबदेखि मजदुरको अधिकार र मागलाई सरकार सामु कसरी प्रस्तुत गर्छन् त्यसमा निर्भर गर्दछ ।[२५]

बजार उदारीकरणको एउटा कार्यक्रमले सम्पूर्ण नेपाललाई फाइदा गर्ने विकासको रणनीति निर्माण गर्नेछ भन्ने आजभन्दा १५ वर्ष पहिले बनाइएको मान्यता गलत थियो भन्ने कुरा अब हामी सबैलाई थाहा भइसक्यो । यद्यपि नयाँ आर्थिक नीतिले वस्तु उत्पादनलाई एउटा हदसम्म प्रवर्द्धन गऱ्यो । तर यो सहरी क्षेत्रभन्दा बाहिर जान सकेन । यसरी हेर्दा उदारीकरणले अरूभन्दा नेपालमा सहरीकरणको प्रक्रियालाई प्रोत्साहन गऱ्यो । तर ग्रामीण अर्थतन्त्रसँग सम्बन्ध स्थापना गर्ने अथवा उत्पादन क्षमतालाई गहिरो बनाउने प्रयास नै गरिएन । त्यस्तै कृषिमा सरकारी खर्चको कटौतीले मानिसको आयको पारम्परिक स्रोतलाई नै खतरामा पारिदियो । यसको व्यापक असर परेकोले पुरानो आयस्रोतको आश्रय धेरैले गुमाए । अन्य केही भाग्यशालीहरूले भर्खरै देखा पर्न लागेको अवसरलाई समाते र त्यसैअनुसार आफ्नो जीविकोपार्जनको सामञ्जस्य मिलाए । यस्तै एउटा उदाहरण गार्मेण्ट उद्योग पनि थियो । तर एक वर्ष पहिले एमएफए कोटाको अन्त्यपछि ग्रामीण क्षेत्रबाट पटकपटक आफ्नो खेतबारी छाडेर काठमाडौँको गार्मेण्ट उद्योगमा काम गर्न आउनेको संख्यामा ठूलै कमी आएको छ । आगामी दिनमा गार्मेण्ट र सहरी औद्योगिक उत्पादनको वृद्धिसँगै कृषिजन्य उत्पादनको

---

[२५] नेपालको प्रायः कपडा कारखानामा मजदुर संगठनको सञ्जाल सञ्चालित छन् । उनीहरूको कार्यक्रम गार्मेण्ट कामदारहरूको स्वतन्त्र संगठनले संयोजन गर्छन्, जुन संयोजन नेपाल गार्मेण्ट संगठन र नेकपा (एमाले) सँग सम्बद्ध मजदुरहरूको केन्द्रीय संगठन जिफण्टसँग गर्छन् । विगतमा न्यूनतम ज्याला, काम गर्ने निश्चित समयावधि, निवृत्त भत्ता, ओभरटाइम दर, सुत्केरी बिदा र बिदाका सुविधाहरू आदिमा मजदुर संगठनहरूले निरन्तर रूपमा मजदुर अधिकार संरक्षणका प्रावधानहरू अघि सार्दै आएका छन् । परिणामस्वरूप नेपालमा मजदुरहरूको काम गर्ने अवस्थामा केही हदसम्म सुधार ल्याउनमा यिनीहरूको भूमिका छ । यो पुस्तक प्रकाशनमा जानुअघि काठमाडौँस्थित कहलिएका केही गार्मेण्ट उद्योगहरू बन्द भएको समाचार स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भएको थियो । उक्त समाचारअनुसार नेकपा (माओवादी) लगायत मुख्य राजनीतिक दलहरूसँग आबद्ध रहेका मजदुर संगठन तथा उद्योगका कामदारहरूले राखेका मागहरू उद्योगीहरूले पूरा गर्न असमर्थता देखाए, जसको कारणले उद्योग बन्द हुन पुगे । नेपालको गार्मेण्ट उद्योगको भविष्यका लागि यो घटनाक्रम चिन्ताजनक छ, जुन कुरा नेपाल गार्मेण्ट संघका पदाधिकारीहरूले पनि पुष्टि गरेका छन् ।

सुधारमा र बजार तथा सेवासम्मको ग्रामीण पहुँच विस्तारीकरणमा सरकारी लगानी गरिएमा ग्रामीण र सहरी जीविकाबीच नेपाली कामदारहरूले क्रमशः स्थापित गर्दै आएका सम्बन्धहरू अझ दह्रो बन्ने छन्। यसले तिनीहरूमा सुरक्षाको अनुभूति बढाउनेछ। यद्यपि सुरक्षा अर्थशास्त्रीय मोडेलको खासै महत्त्वपूर्ण पक्ष होइन, तर मानिसहरूसँग कुरा गर्दा उनीहरूले यसको चर्चा गर्छन्।

## धन्यवाद

यो लेख तयार गर्ने क्रममा मेरो अनुसन्धानलाई सहयोग पुऱ्याएका विजेन्द्रमान शाक्य, सुवरत धिताल र छोटेलाल रौनियारलाई धन्यवाद दिन्छु। मैले भेटेका कारखानाका कामदारहरूले रुचिपूर्वक र सहजै सूचना दिएका थिए। मेरो प्रारम्भिक मस्यौदामा महत्त्वपूर्ण सुझावहरू दिएको र यो लेख लेख्न मलाई हौसला दिएकोमा मार्टिन चौतारीलाई पनि धन्यवाद छ।

## सन्दर्भ सामग्री

Acharya, Meena, Yuba Raj Khatiwada and Shankar Aryal. 2003. *Structural Adjustment Policies and Poverty Eradication.* Kathmandu: Institute of Integrated Development Studies (IIDS).

Bhandari, Arjun. 2006. Labour Act in for Changes. *The Himalayan Times,* 15 January, p. 6.

CBS. 2004. *Nepal Living Standards Survey 2003/04*, Statistical Report Vol. II. Kathmandu: Central Bureau of Statistics (CBS)/HMG.

The Himaalayan Times. 2006. Garment Exports Rises by 47 pc. 8 March, p. 9.

Pant, Dinesh and Devendra Pradhan. 2002. Garment industry in Nepal. In *Garment Industry in South Asia: Rags or Riches? Competitiveness, Productivity and Job Quality in the post-MFA Environment.* Gopal Joshi, ed. New Delhi: International Labour Organization.

Shakya, Bijendra Man. 2005. *Sustaining Nepalese Garment Industry After Quota Abolition.* Economic Policy Network Policy Paper 3. Kathmandu: Garment Association of Nepal.

Shakya, Mallika. 2004. Role of Cultural Capital in the Context of Globalization in Nepal: Exportable Ready-Made Garment Industry as a Case Study. Paper prepared for the 18th European Conference on Modern South Asian Studies organized by SASNET and Lund University.

Sharma, Milan Mani. 2006. New Year Brings Hope for Garment Industry. *Nepalnews.Com.* 11 January.

Singh-Shah, Madhavi. 2004. Women and Economic Development in Nepal. In *Nepalese Economy: Towards Building a Strong Economic Nation-State.* Madan Kumar Dahal, ed., pp. 423-436. Kirtipur: Central Department of Economics (CEDECON).

Stevens, Christopher, Edward Anderson and Jane Kennan. 2004. *The Impact of the Reform of International Trade on Urban and Rural Change.* Sussex: Institute of Development Studies (IDS).